प्रदेश सरकार

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश नं.१

विराटनगर (नेपाल)


सन्जीव कुमार राई
प्रदेश सचिव

पत्र संख्या :
चलानी नं. :

## वातावरणीय अध्ययन प्रतिवेदन मूल्याङ्कन तथा सिफारिस समितिमा रहने वातावरण विज्ञहरुको सूची (Roster) को लागी दरखास्त आह्वान सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मितिः- २०७७/०५/१८)

प्रदेश वातावरण संरक्षण ऐन, २०७६ को दफा ८ तथा प्रदेश वातावरण संरक्षण नियमावली, २०७७ को नियम ४३ मा व्यवस्था भए बमोजिम वातावरणीय अध्ययन प्रतिवेदनमा राय सुझाव दिनको लागि गठन हुने वातावरणीय अध्ययन प्रतिवेदन मूल्याङ्कन तथा सिफारिस समितिमा प्रस्तावसँग सम्बन्धित विषयविज्ञहरु सदस्य हुने प्रावधान रहेकोले यस मन्त्रालयमा स्वीकृतिको लागि प्राप्त हुने वातावरणीय अध्ययन प्रतिवेदनहरुको पुनरावलोकन, मुल्याङ्कनको साथसाथै प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको स्थलगत निरीक्षण, अवलोकन र अनुगमन गरि प्रस्ताव कार्यान्वयनबाट वातावरणीय भौतिक तथा रसायनिक प्रणाली, जैविक प्रणाली, सामाजिक-आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीमा पर्न सक्ने प्रभावहरूको आंकलन समेत गर्ने गरी वातावरणीय अध्ययन प्रतिवेदन मूल्याङ्कन तथा सिफारिस समितिमा वातावरण विज्ञ (प्रस्तावसँग सम्बन्धित विषयविज्ञ) को रुपमा काम गर्न इच्छुक महानुभावहरुले तपशिलमा उल्लेखित प्रावधानहरुको अधिनमा रही यो सूचना प्रकाशन भएको मितिले ३० (तिस) दिन भित्र यस मन्त्रालयको Website (http://moitfe.p1.gov.np/) को सूचना साथ रहेको निवेदन फारम भरि अन्य आवश्यक कागजातहरु सहित यस मन्त्रालयको विद्युतीय पत्राचार ठेगाना (E-mail Address): moitfepradesh1@gmail.com वा यस मन्त्रालयमा आइपुग्ने गरी पठाउनहुन अनुरोध छ ।

आवश्यक कागजातः

(क) वैयक्तिक विवरण (CV),

(ख) शैक्षिक योग्यता सम्बन्धी प्रमाणपत्रको प्रतिलिपी,

(ग) कार्य अनुभव सम्बन्धी प्रमाण,

(घ) वातावरणीय मूल्याङ्कन सम्बन्धी तालिम लिएको भए सो सम्बन्धी कागजातको प्रमाण।

**(१) शैक्षिक योग्यता :**

इन्जिनियरिङ्ग (सिभिल, मेकानिकल, केमिकल, इलेक्ट्रिकल, आर्किटेक्ट, अर्वन प्लानिङ्ग, ऊर्जा, भुकम्प, बायोटेक, बायोमेडिकल, जलस्रोत, हाइड्रोपावर, इरिगेसन, मेटेरियोलोजी, वास, कृषि, भूगर्भ, माईनिङ्ग, मेटलर्जिकल, औद्योगिक, यातायात, वन, वातावरण), स्वास्थ्य, जनस्वास्थ्य विज्ञान, चिकित्सा शास्त्र, अस्पताल व्यवस्थापन, वन विज्ञान, वन्यजन्तु विज्ञान, वातावरण विज्ञान, कृषि विज्ञान, भेटनरी/पशु विज्ञान, भौतिक विज्ञान, रसायन विज्ञान, वनस्पति विज्ञान, जीव विज्ञान, प्राणी विज्ञान, शूक्ष्मजीव विज्ञान, माटो विज्ञान, मौसम विज्ञान, भूगर्भ शास्त्र, जलस्रोत व्यवस्थापन, जलाधार व्यवस्थापन, बायोटेक्नोलोजी, विपद् जोखिम व्यवस्थापन, वातावरण व्यवस्थापन, जलवायु परिवर्तन व्यवस्थापन, जैविक विविधता संरक्षण तथा व्यवस्थापन, मानवशास्त्र, ग्रामीण विकास, समाजशास्त्र, अर्थशास्त्र, वन अर्थशास्त्र, पुरातत्व शास्त्र, दीगो विकास, प्राकृतिक स्रोत व्यवस्थापन, वातावरण कानून, वातावरण अर्थशास्त्र, पर्यटन, संस्कृति विषयमा नेपाल सरकारद्वारा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त गरेको वा उल्लेखित विषयमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता प्राप्त गरेको ।

**(२) कार्य अनुभव :**

तल उल्लेखित मध्ये कुँदा (क) वा (ख) वा (ग) वा (घ) अनुसारको कार्य अनुभव भएको विवरण ।

(क) माथि उल्लेखित कुनै क्षेत्रगत विषयमा तोकिएको शैक्षिक योग्यता भई प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी वातावरणीय अध्ययन कार्यमा टोली नेता वा टोली सदस्यको रुपमा संलग्न रही वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिको लागि सम्बन्धित प्रस्तावक मार्फत सम्बन्धित निकायमा पेश गरेको ।

(ख) माथि उल्लेखित कुनै क्षेत्रगत विषयमा तोकिएको शैक्षिक योग्यता भई नेपाल सरकारको कुनै निकाय वा नेपाल सरकारबाट मान्यता प्राप्त संघ, संस्थामा कम्तिमा रा.प.तृतीय श्रेणी वा सो सरहको पदमा १ वर्ष वातावरणीय अध्ययन प्रतिवेदनहरुको पुनरावलोकन वा स्वीकृति प्रक्रिया वा शोध कार्यमा संलग्न भई कार्य गरेको ।

(ग) विश्वविद्यालय तथा तिनका आंगिक क्याम्पसमा प्राध्यापक, सह-प्राध्यापक तथा उप-प्रध्यापक भई माथि उल्लेखित कुनै क्षेत्रगत विषयमा तोकिएको शैक्षिक योग्यता भई माथि उल्लेखित विषयमा अध्यापन गराईरहेका तथा अध्यापन कार्य गरेको ।

(घ) माथि उल्लेखित कुनै क्षेत्रगत विषयमा तोकिएको शैक्षिक योग्यता प्राप्त गरे पछि कम्तिमा २ वर्ष विषयगत क्षेत्रमा काम गरेको अनुभव भएको र वातावरणीय अध्ययन प्रतिवेदन मूल्याङ्कन तथा सिफारिस समिति वा उक्त समिति जस्तै कार्य गर्ने अन्य समितिमा विज्ञको रुपमा रही प्रतिवेदन पुनरावलोकन गरेको ।

प्रदेश सरकार

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश नं. १, विराटनगर (नेपाल)

**(वातावरणीय अध्ययन प्रतिवेदन मूल्याङ्कन तथा सिफारिस समितिमा रहने वातावरण विज्ञहरुको सूची (Roster) मा नाम समावेश गर्ने निवेदन फारम)**

मितिः......................

श्रीमान् प्रदेश सचिवज्यू,
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय,
प्रदेश नं. १, विराटनगर ।

तँहा मन्त्रालय अन्तर्गतको **वातावरणीय अध्ययन प्रतिवेदन मूल्याङ्कन तथा सिफारिस समितिमा रहने वातावरण विज्ञहरुको सूची (Roster)** मा मेरो नाम सूचीकृत गरिदिनु हुन निम्नानुसारको सत्य तथ्य विवरण खलाई अनुरोध गर्दछु ।

१. नाम थरः

२. जन्म मितिः हालको उमेरः

३. ठेगानाः जिल्ला : ............................., न.पा./गा.पा. : ..................................., वडा नं. : .............
टोल.........................

४. हाल बसोबास गरेको ठेगानाः जिल्ला : ............................., न.पा./गा.पा. : .....................................,
वडा नं. : .......... टोल.........................

५. सम्पर्क
फोन नं. : ................................मोवाइल नं. : ...........................................
इमेलः.......................................................

६. शैक्षिक योग्यताः

| शैक्षिक योग्यता | प्राप्त गरेको शैक्षिक उपाधि | विश्वविद्यालय | अध्ययन गरेको अवधी | | अध्ययन गरेका मूल विषयहरु | श्रेणी/ प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | |
| पि.एच.डि (PhD) | | | | | | |
| स्नातकोत्तर (Master's Degree) | | | | | | |

७. बहालवाला भए हालको नोकरी सम्बन्धी विवरण (भएमा २ वटा श्रेणी/तह सम्मको खुलाउने):

| हालको पद | हालको पदमा नियुक्ति मिति | श्रेणी/तह | सेवा | समुह | उपसमुह | प्राविधिक/ अप्राविधिक | निजामती/सरकारी/ विश्वविद्यालय /अन्य क्षेत्र |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

८. सेवा निवृत भएको भए अवकाश हुँदाको विवरणः

| अवकाश हुँदाको पद सम्बन्धि | | | | | | | अवकाश मिति |
|---|---|---|---|---|---|---|---|
| पदको नाम | श्रेणी/तह | सेवा | समुह | उपसमुह | प्राविधिक/ अप्राविधिक | सेवा वर्ष | |
| | | | | | | | |

९. सेवा निवृत भएपछि कुनै निकायमा कार्यरत एवं प्रतिनिधि भएको भए सोको पूर्ण विवरणः

१०. प्रकाशित कृति भए मुख्य मुख्य कृतिहरुको नामः

११. अनुसन्धान गरेको भए के के विषयहरुको अनुसन्धान गरेको हो, सो खुलाउनेः

१२. दक्षताको क्षेत्रः

१३. दक्षताको क्षेत्रमा लिएको तालिम र अन्य विषय भए खुलाउनेः

| तालिमको विषय | तालिम दिने संस्था | तालिम लिएको अवधि | | तालिम लिएको देश |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| | | | | |
| | | | | |

१४. थप अरु केहि भएः

**नोटः**

(क) उल्लेखित विषयको विज्ञको रुपमा कार्य गर्न सम्वन्धित विषयमा अद्यावधिक हुनेछु ।

(ख) आफ्नो ठेगाना, फोन नं., मोवाइल नं. लगायतका अन्य विवरणमा समेत कुनै परिवर्तन भएमा समयमै उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १, विराटनगरलाई जानकारी गराउनेछु ।

..............................

निवेदकको दस्तखत

**पुनश्चः** उल्लेखित विवरण भर्न स्थानाभाव भएमा छुट्टै पानामा विवरण भरी यसै साथ संलग्न गर्न सकिने छ ।
उल्लेखित विवरणको आधारमा सूचीमा नाम समावेश गर्ने अधिकार मन्त्रालयमा सुरक्षित रहेनेछ ।